# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्डः ९ | संख्याः १ | २०८२ बैसाख २८ |
|---|---|---|

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग:२

## पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (दोश्रो संशोधन, २०८२)

**प्रस्तावना :** दुल्लू नगरपालिकाको पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०८२।०१।२७ गतेको वैठकबाट "पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (दोश्रो संशोधन, २०८२)" स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (दोश्रो संशोधन, २०८२)" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा २ को खण्ड (ङ) मा संशोधन :** पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (ङ) मा रहेका **"सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारमभूत निर्माण मापदण्ड २०७२ (संशोधन सहित)"** भन्ने शव्दहरु पछि **"तथा दुल्लू नगरपालिकाको मिति २०७२।०८।०८ को विशेष**

**भेला बाट/परिषदवाट पारित भवन तथा योजना मापदण्ड दुल्लू नगरपालिका २०७२"** भन्ने शव्दहरु थप गरिएको छ ।

३. **मूल कार्यविधिको परिच्छेद-३ मा संशोधन :** मूल कार्यविधिको परिच्छेद-३ मा दफा १३ पछि देहाय बमोजिमको दफा १३.क थप गरिएको छ :

**१३.क. भवन तथा योजना मापदण्ड दुल्लू नगरपालिका २०७२ ले निर्धारण गरेको सडक क्षेत्राधिकारको मापदण्डलाई आधार मानी अभिलेखिकरण कार्य गर्ने :** भवन तथा योजना निर्माण सम्बन्धी अन्य व्यवस्था नभएसम्मको लागि दुल्लू नगरपालिकाको मिति २०७२।०८।०८ को विशेष भेला बाट/परिषदवाट पारित **भवन तथा योजना मापदण्ड दुल्लू नगरपालिका २०७२** को **अनसूची-२ (दुल्लू नगरपालिका, सडक क्षेत्राधिकार)** मा उल्लेख गरिएका सडकहरुको हकमा सोहि सडक क्षेत्राधिकारलाई आधार मानी तथा उल्लेखित मापदण्डमा उल्लेख नगरिएका सडकहरुको हकमा प्रचलित संघीय तथा प्रदेश कानूनले निर्धारण गरेको सडक क्षेत्राधिकार एवम् नगर कार्यपालिका र नगर सभाले विभिन्न समयमा गरेको निर्णयलाई आधार मानी पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण कार्य गर्नु पर्नेछ ।

आज्ञाले
तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति - २०८२/०१/२८